# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध समिति

**बैठक संख्या: ७४**
**(मिति: २०७९/०२/३०)**

**विषय:-**

१. नेपालको परराष्ट्र नीति कार्यान्वयनका सम्बन्धमा।
२. नागरिक उड्डयन सम्बन्धी समस्या र समाधान उपसमितिले समिति समक्ष पेश गरेको प्रतिवेदनका सम्बन्धमा।
३. विविध।

**छलफल तथा निर्णय:-**

समितिको आजको बैठकमा नेपालको परराष्ट्र नीति कार्यान्वयन, नागरिक उड्डयन सम्बन्धी समस्या र समाधान उपसमितिले समिति समक्ष पेश गरेको प्रतिवेदन एवं विविध विषयका सम्बन्धमा छलफल भयो। छलफलमा सहभागी माननीय सदस्यहरुले नेपालको परराष्ट्र नीति र यसको कार्यान्वयन, असंलग्नता, नेपालको छिमेकी र अन्य राष्ट्रसँगको कूटनीतिक सम्बन्ध, नेपालले प्राप्त गर्ने वैदेशिक सहयोग, समिति बैठकमा माननीय परराष्ट्र मन्त्रीको अनुपस्थिति, सम्माननीय प्रधानमन्त्रीको निकट भविष्यमा हुन गइरहेको संयुक्त राज्य अमेरिकाको भ्रमण लगायतका विषयमा धारणा राख्नुभयो। साथै माननीय सदस्यहरुले नागरिक उड्डयन सम्बन्धी समस्या र समाधान उपसमितिले समिति समक्ष पेश गरेको प्रतिवेदनका सम्बन्धमा आफ्ना सुझावहरु प्रस्तुत गर्नुभयो। छलफल पश्चात् समिति बैठकबाट देहाय बमोजिमका निर्णयहरु भए:

१) संयुक्त राष्ट्रसंघको वडापत्र, असंलग्नता र पञ्चशीलका सिद्धान्तमा आधारित नेपालको स्वतन्त्र परराष्ट्र नीतिको अवलम्बन एवं कार्यान्वयनको सम्बन्धमा तथा सम्माननीय प्रधानमन्त्रीको संयुक्त राज्य अमेरिका भ्रमणको सन्दर्भमा उठेका विषय र जिज्ञासाका बारेमा अन्तर्राष्ट्रिय सम्बन्ध समितिलाई स्पष्ट पारिदिनको लागि सम्माननीय प्रधानमन्त्री तथा माननीय परराष्ट्र मन्त्रीलाई समितिको बैठकमा उपस्थितिको लागि अनुरोध गर्ने,

२) नागरिक उड्डयन सम्बन्धी समस्या र समाधान उपसमितिले समिति समक्ष पेश गरेको प्रतिवेदन आवश्यक परिमार्जन सहित पारित गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउने।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो।